# सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।२।२३**

नौमुले गाउँपालिका/ग्रामीणजलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरणको आर्थिक सहयोग तथा लालीगुँरास दियालो कृषी सहकारी संस्था लिमिटेडको सहजिकरणमा नौमुले गाउँपालिकामा सन्चालन भइरहेको अलैचि मुल्यश्रृंखला विकास सहयोग कार्यक्रममा अलैचि बिरुवा खरिद गर्नुपर्ने भएकोले दरभाउ-पत्र साथ संलग्न परिमाण, दरभाउ-पत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको उमेर पुगेका गुणस्तरका बिरुवाहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अ धिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. अलैचि बिरुवा सप्लाइ गर्ने सम्बन्धी दरभाउ-पत्र फारम प्रति फारम रु १०००।-अक्षररुपी रु.एक हजार मात्र पछि फिर्ता नहुने गरी एन.एम.बी. बैंक नौमुले शाखामा रहेको नौमुले गाउँपालिका आन्तरिक राजश्व ब.हि.नं. १०४०००७०१२४०००७४ मा जम्मा गरेको सक्कलै भौचर सहित लिखित निवेदनको साथमा कर दर्ताको प्रमाण-पत्र, अद्यावधिक कर चुक्ताको प्रमाण पत्र, जिल्ला कृषि विकास कार्यालयको मान्यता प्राप्त नर्सरी भइ विक्रेता भएको प्रमाण पत्र र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र लाली गुरास दियालो कृषि सहकारी संस्था नौमुले कार्यालय बाट र, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना,प्राविधिक सहयोग इकाई नारायण न.पा. १ दैलेख बाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउ-पत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौ दिनको १२ बजे भित्र श्री लालिगुँरास दियालो सहकारी संस्था लि. को कार्यालय नौमुले वा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना,प्राविधिक सहयोग इकाई नारायण न.पा. १ दैलेख कार्यालयमा दर्ता गराउनु पर्ने छ । दरभाउ-पत्र फाराम सिलबन्दी गरी सहकारीको नाम, ठेगाना र अलैचि बिरुवा खरिद सम्बन्धी दरभाउ-पत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलबन्दि दरभाउपत्रको साथमा सप्लायरले सप्लाइ गर्ने बिरुवा जिल्ला कृषि विकास कार्यलयबाट बिरुवा उत्पादन गर्न मान्यता प्राप्त नर्सरी वा श्रोत केन्द्रको प्रमाण पत्र र बिरुवाको जर्मिनेसन परिक्षण गरेको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउ-पत्र पेश गर्दा सप्लायर तथा कृषि फर्मको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२ बजे भित्र प्राप्त भै सक्नुपर्नेछ ।

५. सप्लाई हुने बिरुवाको भुक्तानी लालीगुरांस दियालो कृषी सहकारी संस्था नौमुले मोटर बाटो पुगेका बिभिन्न गा.पा.का बिभिन्न वडा हरु वडा नं १ देखि ८ सम्म ढुवानी भै चेकजाच भएपछि मात्र गर्नेछ । सप्लायरले अलैचि बिरुवा ढुवानी गरी प्राविधिकले चेकजाच भैसकेपछि मात्र सप्लाई भएको बिरुवाको भुक्तानी दिने भएकोले यस दरभाउ-पत्र पेश गर्दा बैंक जमानत वा धरौटी आवश्यक पर्ने छैन ।

६. उपरोक्त अनुसार प्राप्त भएका दरभाउ-पत्रहरु सोही दिन मिति २०७८ साल असार ७ गते ३ बजे लालीगुरास दियालो कृषि सहकारी संस्था लिमिटेड कार्यालयमा सरोकारवालाहरु, खरिद समितिका प्रतिनिधिहरु र दरभाउ-पत्र दाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउ-पत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउ-पत्र खोल्न बाधा पुग्नेछैन ।

७. दरभाउ-पत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनसार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन बिकि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

८. दरभाउ-पत्रमा दररेट लेख्दा अक र अक्षरमा दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएको ठाउमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

९. दरभाउ-पत्रमा लेख्ने स्थान उपलब्ध गराइएको वाहेक अन्य स्थानमा लेख्न वा तोकिएको स्थान बाहेक अन्य स्थानमा कैफियत जनाई कुनै कुरा लेख्न पाइने छैन ।

१०. म्याद नाघी वा रीत नपुगी आएको दरभाउ-पत्र उपर कुनै कारबाही हुने छैन ।

११. दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहने छ ।

१२. यस सम्बन्धी थप शर्तहरु दरभाउ-पत्र फाराम साथ उपलब्ध गराइनेछ । अन्य शर्तहरु परियोजनाको जीविकोपार्जन कार्यका आवश्यक सामग्री खरिद कार्यविधि बमोजिम हुनेछ ।

१३. यो सूचनामा केहि ससोधन गर्नु परेमा सो को सूचना लालीगुरास दियालो कृषि सहकारी संस्था लिमिटेड सहकारी संस्थाको कार्यालय नौमुलेको सूचना पाटीमा टाँस गरिनेछ ।

१४. अन्य थप जानकारी चाहिएमा नौमुले गाउँपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना गाउँपालिका सहयोग इकाइ, नौमुले वा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, प्राविधिक सहयोग इकाई नारायण न.पा. वाड नं. १ वा फोन नं. ०८९ ४१०१०५ मा सम्पर्क गर्न सकिनेछ ।

तपसील

१. लालीगुँरास दियालो कृषि सहकारी संस्था लिमिटेड दैलेख ।

इन्द्र थापा